# मधेश प्रदेशका केही कानूनलाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा, मधेश प्रदेश

जनकपुरधाम ।

# मधेश प्रदेशका केही कानूनलाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण मिति

.......................

सम्वत् २०८० सालको ऐन नम्बर...............

<u>प्रस्तावनाः</u> प्रदेश सभा, मधेश प्रदेशको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भई प्रदेशको नामकरण मधेश प्रदेश कायम भएको हुनाले प्रदेश कानूनमा संशोधन गर्न वाञ्छनीय भएकोले,

मधेश प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "मधेश प्रदेशका केही कानूनलाई संशोधन गर्ने ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कानून" भन्नाले यस ऐन प्रयोजनका लागि कानून भन्नाले प्रदेशका प्रचलित सम्पूर्ण कानूनलाई सम्झनु पर्छ।

(ख) "प्रदेश नं. २" भन्नाले प्रदेशका प्रचलित कानूनहरुमा उल्लेख भएका 'प्रदेश नं. २' वा 'प्रदेश नम्बर दुई' वा 'प्रदेश नं. दुई' वा 'प्रदेश नम्बर २' समेतलाई सम्झनु पर्छ ।

३. प्रदेशका प्रचलित कानूनमा संशोधन: मधेश प्रदेशको प्रचलित कानूनमा ठाँउ ठाँउमा रहेको "प्रदेश नं.२" भन्ने शब्दावलीको सट्टा "मधेश प्रदेश" भन्ने शब्दावली कायम गरिएको छ।